# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- १५, २०८१ पौष

**महासंघको परिचय:**

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- १५, २०८१ पौष

## यस अंक भित्र:

**विषय-सूची** **पेज**


- **अपाङ्गता समावेशी बजेट निर्माण सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न** - २
- **प्रदेश सभासदलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न** - ३
- **श्रवणदृष्टि विहीन संघ मोरङको नयाँ कार्यसमिति गठन सम्पन** - ४

**विविध**

- **श्रवण विहीनको आवाज बनेकी सुनिता, अब बोल्नेछिन् 'हाउस'मा** - ४
- **सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि आतिथ्य सत्कार तालिम सम्पन्न** - ५


## अपाङ्गता समावेशी बजेट निर्माण सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

मिति २०८१ पौष २ गते, राष्ट्रिय बहिरा महासंघ नेपालले नेतृत्व गरेको अपांगता भएका महिलाहरुको महासंघ, नेपाल नेत्रहीन संघ र श्रवणदृष्टि विहीन अभिभावक संघ सहितको राष्ट्रिय साझेदारी कार्यक्रम र कोशिशले नेतृत्व गरेको बौद्धिक अपाङ्गता संघ नेपाल, अटिजम केयर नेपाल सोसाईटीको संयुक्त आयोजना र अपाङ्गता अधिकार कोष/ अपाङ्गता अधिकार वकालत कोषको सहयोगमा अपाङ्गता समावेशी बजेट सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। उक्त गोष्ठी संसदको अर्थ समितिका सभापति माननीय सन्तोष चालिसेको प्रमुख आतिथ्यतामा काठमाण्डौमा सम्पन्न भएको हो।


*सहभागीबाट आफ्नो जिज्ञासा राख्दै,*

राष्ट्रिय समावेशी आयोगका माननीय सदस्य हरि दत्त जोशी, राष्ट्रिय सभाका पुर्व सदस्य प्रकाश पन्थी विशिष्ट अतिथि रहनुभएको गोष्ठीमा महिला बालकालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालयको योजना तथा बजेट शाखा, शिक्षा मन्त्रालय तथा राष्ट्रिय योजना आयोग लगायतका सरकारी निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। गोष्ठीमा संघिय सरकारको आ.व. २०८०/०८१ को बजेटलाई अपाङ्गताको दृष्टिकोणबाट गरिएको अध्ययनबाट प्राप्त तथ्य र विश्लेषण एवं सिफारिसहरू सम्बन्धी प्रस्तुतीकरण गरिएको थियो। अपाङ्गता क्षेत्रका लागि थोरै बजेट विनियोजन गर्ने, विनियोजन गरीएको बजेट समेत कार्यान्वयन नहुने, बजेट निर्माण प्रक्रियामा अपाङ्गता भएका समुदायको सहभागिता नहुने,

अपांगताको आवश्यकता अनुसार बजेट निर्माण नहुने, पहुँचको आधारमा बजेट विनियोजन हुने सवालमा समेत प्रस्तुतिकरण गरिएको थियो । समग्र बजेटको ०.०२ प्रतिशत मात्र अपांगता क्षेत्रलाई छुट्याइएको, सामाजिक सुरक्षाको ४ प्रतिशत बजेट अपाङ्गता क्षेत्रको लागि छुट्याइएको, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको धारा ३२ मध्ये १२ वटा धारा कार्यान्वयन लागि बजेट छुट्याइएको र उक्त बजेट पनि निकै नगन्य रहेको विषय प्रस्तुतिकरणमा समावेश गरिएको थियो ।

प्रमुख अतिथि अर्थ समितिका सभापति माननीय सन्तोष चालिसेले सबैभन्दा बढि अवसर दिनुपर्ने भएकोले अपाङ्गता क्षेत्रका लागि निकै नगन्य मात्रामा बजेट विनियोजन भएको प्रस्तुतिकरण सुन्दा लाज र दुख लागेको बताउनुभयो । अवसर पाएमा अपांगता भएका व्यक्तिहरुले गर्न सक्ने बताउदै अर्थ समितिको बैठक यो विषय गम्भीरताका साथ उठाउने एवं समितिमा हुने पुर्व बजेट छलफलमा अपाङ्गता समुदायवाट २ जना प्रतिनिधि बोलाएर आफ्ना आवश्यकता र सवाल राख्ने मौका दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रमका सहभागीहरुले अपाङ्गता समुदायका लागि प्रदान गरिने सामाजिक सुरक्षा सहयोग आवश्यकताका आधारमा वितरण हुन नसक्दा दीर्घकालीन रुपमा औषधी सेवन गर्नुपर्ने एवं सहयोगी सामग्री प्रयोग गर्नुपर्ने व्यक्तिलाई समेत समस्या परेको सवाल उठाएका थिए । सहभागीहरुले अपाङ्गता भएका समुदायको परामर्शमा आवश्यकता बमोजिम सरकारले बजेट बनाउनुपर्ने, अपाङ्गता भएका समुदायका विविधता एवं आवश्यकता सम्बोधन गर्ने गरी अपाङ्गता क्षेत्रलाइ लक्षित गरी बजेट निर्माण गर्नुपर्ने माग गरेका थिए ।

## प्रदेश सभासदलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न

गण्डकी प्रदेश सभामा बहिरा समुदायबाट प्रतिनिधित्व गरेर सांसद बनेकी माननीय सुनिता थापालाई राष्ट्रिय बहिरा महासंघ नेपालले मिति २०८१ पौष १४ गते, महासंघको कार्यालयमा स्वागत तथा बधाई ज्ञापन कार्यक्रमको आयोजना गरेको छ । बधाई कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के.सी लगायत महासंघका कार्यसमिति सदस्य एवम् कर्मचारीले नवनिर्वाचित प्रदेश सांसद थापालाई बधाई एवं अपाङ्गता तथा बहिरा समुदायको पक्षमा उदाहरणीय कार्य गर्न सफलताको कामना गरेका थिए | आफुलाई प्रदेश सभा सदस्य बनाउन बहिरा समुदायको महत्वपूर्ण हात रहेको दाबी गर्दै उहाँले सांसद बन्दा पार्टी भन्दा बहिरा समुदाय बढी खुसी भएको र उक्त खुसीलाई अधिकारमा बदल्न आफुले सक्दो पहल गर्ने प्रतिवद्दता व्यक्त गर्दै माननीय सांसद थापाले अपाङ्गता भएका व्यक्ति र आवाजविहिनहरुका लागि नीति, नियम र योजना बनाउन सक्दो पहल गर्ने साथै आफ्नो कार्यकालमा उक्त कार्यलाई सार्थकता दिन महासंघको साथ र सहयोगको अपेक्षा गरेको धारणा राख्नुभयो ।



*माननीय सांसद संगको सामुहिक फोटो*

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

"बहिरा आवाज"

वर्ष -०२ अंक- १५, २०८१ पौष

## श्रवणदृष्टि विहीन संघ मोरङको नयाँ कार्यसमिति गठन सम्पन्न

पौष १० र ११ गते, सेन्स इन्टरनेसनलसँगको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले मोरङको बिराटनगरमा संचालन भएको श्रवणदृष्टि विहीन व्यक्तिहरुको क्षमता बिकास सम्बन्धि जिल्ला स्तरीय कार्यशाला सम्पन्न भएको छ। यस कार्यशालामा मोरङ जिल्लामा रहेका १९ जना श्रवणदृष्टि विहीन व्यक्तिहरुको सहभागिता रहेको थियो।

कार्यशालामा उपस्थित सहभागीहरुले कृष्णमाया अधिकारीको अध्यक्षतामा मोरङ जिल्लामा रहेका श्रवणदृष्टि विहीन व्यक्तिहरूको सात सदस्यीय श्रवणदृष्टि विहीन संघको कार्यसमिति गठन गरेको छ। कार्यसमितिमा उपाध्यक्ष अनिता दाहाल, सचिव जगदिश खनाल, कोषाध्यक्ष सुनिता तिम्सिना र सदस्यहरु निशा खतिवडा, चित्र कुमारी बयलकोटि, दिपक बेल्दार रहेका छन्।



*नवनिर्वाचित पदाधिकारीहरुको आफ्नो पदको संकेत गर्दै,*

श्रवणदृष्टि विहीन संघ नेपालको जिल्ला संघका रुपमा स्थापना भएको उक्त समितिले हाललाई मोरङ लगायत कोशि प्रदेश भरी श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको हक अधिकार तथा सेवा सुविधा प्राप्तिका लागि वकातल पैरवि तथा अन्य गतिविधीहरु गर्नेछन्। श्रवणदृष्टि विहीनता भएका युवाहरुले उल्लेख्य मात्रामा भए पनि उनीहरु संगठित हुन नसकेको कारणले गर्दा उनीहरुले भोगिरहेका कठिनाइका बारेमा सरोकारवालाहरु सम्म जानकारी पुर्याउन समेत नसकिएको जनाएका छन्। यस समितीको गठन पश्चात पदाधिकारीहरुले श्रवणदृष्टि विहीनता भएका युवाहरुले भोगिरहेका समस्याहरुको समाधानका लागि वकालत पैरवीका काममा तिब्रता ल्याउने र उनीहरुका सेवा सुविधामा राज्यको प्राथमिकता बढाउनका लागि आवश्यक वकालतपैरवी गर्ने जानकारी गर्नु भएको छ।

# विविध

## श्रवण विहीनको आवाज बनेकी सुनिता, अब बोल्नेछिन् 'हाउस' मा

**श्रोत : २०८१ पुष ०६ गते प्रकाशित लोकान्तर समाचारबाट साभार गरिएको**

नीति निर्माणको तहमा पुगेकाले विचारको मतभेदले संसद्लाई रोचक बनाउँछ। एक हिसाबले भन्ने हो भने यी मतभेदको चर्काचर्कीले सदन तताउँछ। सदनले मतभेद मात्र देखाउँदैन। सदनमा हुने 'ढ्यापढ्याप'ले विद्रोह पनि बोल्छ। चाहे त्यो ओसियानाको एउटा देशको सदनमा कागज च्यातेर गरेको विद्रोह होस् वा सदनमा श्रवण विहीन व्यक्ति उभिएर होस्। संसारका कुना–कुनाबाट सामाजिक र राजनीतिक योगदानको प्रेरणादायी उदाहरण पाइन्छ। यस्तै उदाहरण हो, दक्षिण अफ्रिकाकी विल्मा न्युहाउट डुचेन, जो श्रवण विहीन भएर पनि १९९९ मा दक्षिण अफ्रिकाको संसद्मा निर्वाचित भएका थिए। उहाँले अपांगता भएका समुदायको अधिकारका लागि राजनीतिमा ऐतिहासिक पाइला चालेका थिए।

त्यस्तै, युरोपतिर हेर्ने हो भने, बेल्जियमका हेल्गा स्टेभेन्सको नाम आउँछ। युरोपेली संसद्मा सदस्य बनेका श्रवणविहीन हेल्गाले अपांगता भएका व्यक्तिहरूको अधिकारका लागि अविस्मरणीय योगदान दिएका छन्। उहाँहरूको सदनमा उपस्थिति व्यक्तिगत वा क्षेत्रगत हिसाबमा मात्र थिएन। चाहे जून कुनामा होस् उहाँहरू सदनमा उभिँदा अपांगता भएका प्रत्येक व्यक्तिको प्रतिनिधित्व गरेका थिए।

यस्तै, इतिहास र प्रेरणा गण्डकीको सदनमा लेखिएको छ। गण्डकी प्रदेश सांसद विमला गौचन थकालीको निधन भएपछि रिक्त रहेको समानुपातिक तर्फको पदमा नेपाली कांग्रेसले सुनिता थापालाई रोज्यो। थापाले २८ मंसिरमा सांसद पदको शपथ लिनुभएको थियो। श्रवणशक्ति नभएका थापाको सदनसम्मको यात्रा सहज छैन। तर, प्रेरणादायी भने पक्कै छ। जनजाती महिला, त्यसमा पनि अपांगता,उहाँले भोग्नुपरेको चुनौती एकमात्र होइन। तरपनि यी समस्यालाई छिचोल्दै अपांगता भएको व्यक्तिको प्रतिनिधित्व गर्नेगरी सदनमा उभिनु भएको छ।

थप विवरण यहाँ हेर्नुहोस्।

## सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि आतिथ्य सत्कार तालिम सम्पन्न

**श्रोत : २०८१ पौष ११ गते प्रकाशित अनलाइन खबरबाट साभार गरिएको**

मिति २०८१ पौष ११, गेट पोलिटेक्निक इन्स्टिच्युट र बीबीसी मास्टर सेफ सन्तोष शाहको सहकार्यमा सुनाई सम्बन्धी अपांगता भएका युवाहरुलाई लक्षित गरी आतिथ्य सत्कार तालिम सम्पन्न भएको छ। उक्त तालिममा ३१ जना बहिरा युवाहरुले बारिस्टा, हाउस किपिंग र बेकरी संचालन लगायत होटल व्यवस्थापनका विभिन्न सिप हासिल गरेका छन्। ४५ दिने तालिम सम्पन्न गर्ने बहिरा युवाहरुलाई दिक्षान्त प्रमाणपत्र समेत प्रदान गरिएको छ। ३१ जना सहभागी मध्ये ५ जना हाल काठमाडौँ नक्साल स्थित हिल्टन होटलमा कार्यरत छन्। उक्त कार्यक्रममा अतिथिको रुपमा सहभागी हुनु भएका राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के.सी. ले गेट पोलिटेक्निक इन्स्टिच्युटले अपांगता भएका व्यक्तिहरुका लागि संचालन गरिने यस्ता तालिमहरुमा बहिरा महासंघको सदैव साथ र सहयोग रहने बताउनु भएको छ।

सन् २०२४ को सुरुवातदेखि विभिन्न चरणमा गरी ३ सय ९० घण्टाको प्रशिक्षण प्राप्त युवालाई दिक्षान्त प्रमाणपत्र प्रदान गरिएको छ। काठमाडौंमा ग्लोबल एकेडेमी अफ टुरिज्म एन्ड हस्पिटालिटी एजुकेसन (गेट) को भगिनी संस्था गेट पोलिटेक्निक इन्स्टिच्युटसँगको सहकार्यमा साहले उक्त अभियान थालेका हुन्। यसका लागि विभिन्न संघसंस्था र व्यक्तिसँग सहकार्य गरिएको उनले बताए। साथै सेफ सन्तोष शाहले स्विजरल्यान्डमा च्यारिटी डिनर आयोजना गरि आर्थिक संकलन गरेको जानकारी दिनु भएको थियो। उहाँले अपांगता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि गराउने तथा आत्मनिर्भर बनाउने उद्देश्य तथा अपांगता भएका व्यक्तिले समाजलाई उल्लेखनीय योगदान दिन सक्छन् भन्ने उदाहरणका लागि पनि सो तालिम संचालन गरेको विचार व्यक्त गर्नु भएको थियो।

थप विवरण यहाँ हेर्नुहोस्।

**हाम्रा साझेदार संस्थाहरु :-**

नेपाल सरकार
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

MYRIGHT

Dalarnas Dövas Förening stiftad 1913

sense international

Disability Rights Fund

Disability Rights Advocacy Fund

**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

## सचेतनामूलक सूचना सामाग्री :

